## मिति २०८१ श्रावण ७ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु ।

**निर्णय नं १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

आ.व.२०८०/०८१ मा मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको वैठकले गरेका निर्णयहरु यसको कार्यन्वयनको अवस्था प्रगति वारे यस वैठकमा समिक्षा गरियो ।

**निर्णय नं. २ : आ.व. २०८१/०८२ को कार्य योजना सम्बन्धमा ।**

आ.व.२०८१/०८२ को योजना तथा कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित गर्न निम्नानुसार कार्य योजना स्वीकृत गरि कार्यन्वयनमा ल्याउने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**क) ठुला योजना / आयोजना :**

- योजनाहरुको टेन्डर निष्काशन - २०८१ भदौ मसान्त सम्म ।

**ख) उपभोक्ता समितिवाट हुने योजना / आयोजना**

- उपभोक्ता समिति गठन सम्पन्न - २०८१ भदौ मसान्त सम्म ।
- उपभोक्ता समितिहरुको तालिम सम्पन्न -२०८१ असोज मसान्त सम्म ।
- प्राविधिक स्टिमेट सम्पन्न - २०८१ पुस १५ गते सम्म ।
- योजना सम्झौता - २०८१ माघ १५ सम्म ।
- योजना निर्माण सम्पन्न - २०८२ वैशाख मसान्त सम्म ।
- योजनाहरुको भुक्तानी - २०८२ जेष्ठ मसान्त सम्म ।
- १० लाख सम्मका योजना वडामा सम्झौता गर्ने ।

**निर्णय नं. ३ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ मा तपशिल अनुसारको संशोधन गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

तपशिल

| दफा | हाल रहेको | संशोधन पश्चात हुने |
|---|---|---|
| ११ | भुक्तानी प्रकृया: ५० हजार सम्मका आयोजनाहरूमा भने खाता नखोली उपभोक्ता समितिको अध्यक्षको नाममा भुक्तानी दिन सकिनेछ । | भुक्तानी प्रकृया: २५ हजार सम्मका आयोजनाहरूमा भने खाता नखोली उपभोक्ता समितिको अध्यक्षको नाममा भुक्तानी दिन सकिनेछ । |

अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

| | | |
|---|---|---|
| १३ | **अनुगमन समितिको व्यवस्था:**<br>अनुगमन तथा सुपरीवेक्षण समिति:<br>क) गाउँपालिका उपाध्यक्ष संयोजक<br>ख) अध्यक्ष वा प्रमुखले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्यहरू मध्येबाट दुई जना सदस्य सदस्य<br>ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य<br>घ) प्रमुख, योजना शआखा तथा योजना एकाई सदस्य | **अनुगमन समितिको व्यवस्था:**<br>अनुगमन तथा सुपरीवेक्षण समिति:<br>क) गाउँपालिका उपाध्यक्ष संयोजक<br>ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य<br>ग) ईन्जिनियर सदस्य<br>घ) प्रमुख, आर्थिक प्रशासन शाखा सदस्य<br>ङ) प्रमुख, योजना शाखा तथा योजना एकाई सदस्य सचिव |
| १८ | **उपभोक्ता समितिको लागत सहभागीता सम्बन्धमा:**<br>यस गाउँपालिका भित्र निम्नानुसारका आयोजनाहरूमा निम्नानुसारले उपभोक्ताहरूले लागत सहभागीता जनाउनु पर्नेछ ।<br>• भवन निर्माण तर्फको आयोजनामा – १५%<br>• खानेपानी तर्फको आयोजनामा – १५%<br>• सिँचाई तर्फको आयोजनामा – १५%<br>• गोरेटोबाटो तर्फको आयोजनामा – १०%<br>• मोटरबाटो तर्फको आयोजनामा – १०%<br>• खेल मैदान तर्फको आयोजनामा – १०%<br>• विद्युतीकरण तर्फको आयोजनामा – १०% | **उपभोक्ता समितिको लागत सहभागीता सम्बन्धमा:**<br>यस गाउँपालिका भित्र निम्नानुसारका आयोजनाहरूमा उपभोक्ताहरूले देहाय अनुसार न्युनतम १०% लागत सहभागीता जनाउनु पर्नेछ।<br>• भवन निर्माण तर्फको आयोजनामा – १०%<br>• खानेपानी तर्फको आयोजनामा – १०%<br>• सिँचाई तर्फको आयोजनामा – १०%<br>• गोरेटोबाटो तर्फको आयोजनामा – १०%<br>• मोटरबाटो तर्फको आयोजनामा – १०%<br>• खेल मैदान तर्फको आयोजनामा – १०%<br>• विद्युतीकरण तर्फको आयोजनामा – १०% |
| | तर सामाग्री खरिद गर्ने, तालिम प्रदान गर्ने जस्ता लागत सहभागीता जनाउन नसकिने आयोजनामा लागत सहभागीता विना काम गराउन सकिनेछ । साथै कुनै पनि आयोजनामा लागत सहभागीता जनाउन नसकिने भएमा कार्यपालिकाले निर्णय गरी लागत सहभागीता विना काम गराउन सकिनेछ। | |

**निर्णय नं. ४ : सवारी साधन भाडामा लिने सम्बन्धमा :**

यस मर्स्याङ्दी गाउँपालिकाको एउटा मात्र हलुवा सवारी साधन रहेकोले कार्यालयको काम काज गर्नको कठिनाई भएको हुदाँ सामाजिक सुरक्षा वितरण गर्ने, विभिन्न मालसमानहरु ढुवानी गर्ने, विभिन्न योजनाहरुको अनुगमन, वडा कार्यलय तथा स्वास्थ्य चौकीहरुको अनुगमन, स्वास्थ्य चौकीहरुमा अत्यावश्यक औषधीहरु ढुवानी तथा अन्य ढुवानी सम्वन्धि कार्य थप प्रभावकारी वनाउनको लागि लागि मिति २०८१/०३/२८ गते प्रकाशित सूचना अनुसार प्राप्त गाडी धनीहरुको प्रस्तावित भाडा दरहरुको आधारमा सवै भन्दा कम भाडा दर पेश गर्ने मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ निवासी गाडी धनी श्री लेखमान कतिला (गाडी नं.ग ३ च ६८७८) सँग गाडी भाडा सम्झौता गर्ने निर्णय गरीयो ।



अर्जुन चपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

CamScanner

**निर्णय नं. ५ : वडा स्तरिय छलफल कार्यक्रम आयोजना गर्ने सम्बन्धमा :**

गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाट हुने सेवा प्रवाह, समन्वयलाई थप व्यवस्थित बनाउन निम्नानुसारको समय तालिकामा देहाय बमोजिमको उपस्थितिमा वडाहरुमा छलफल कार्यक्रम आयोजना गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**गाउँपालिकाको कार्यलयबाट –** अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, लेखा अधिकृत, ईन्जिनियर, योजना शाखा प्रमुख, प्रशासन शाखा प्रमुख - ७ जना ।

**वडा कार्यलयको तर्फबाट** - वडा अध्यक्ष, वडा सदस्यहरु सबै, वडा मातहत रहेका सम्पूर्ण कर्मचारीहरु, स्वास्थ्य चौकी प्रमुख, मा.वि.को प्र.अ.र वि.व्य.स. अध्यक्ष गरि करिव - १२ जना ।

**मिति, समय र स्थान :**

- २०८१ साउन १७ गते - वडा नं. ८ - गाउँपालिकाको सभाहल - विहान ११:०० बजे ।
- २०८१ साउन १८ गते - वडा नं. ३ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २० गते - वडा नं. ९ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २१ गते - वडा नं. ७ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २२ गते - वडा नं. २ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २३ गते - वडा नं. ४ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २४ गते - वडा नं. ५ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २७ गते - वडा नं. १ - वडा कार्यालय - विहान ११:०० बजे ।
- २०८१ साउन २८ गते - वडा नं. ६ - वडा कार्यालय - विहान ११:०० बजे ।

**निर्णय नं. ६: स्थानीय प्रशासन सेवा सामान्य प्रशासन समूह अधिकृतस्तर छैंटौमा तहवृद्धि गर्ने सम्बन्धमा**

यस मर्स्याङदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको मिति २०८१/०३/२५गते प्रकाशित तहवृद्धि सूचना नं.: ०१/२०८०/८१ को सूचनानुसार तह वृद्धिको लागि आवेदन पेश भई आएको प्रशासन सेवा सामान्य प्रशासन समूह सहायकस्तर पाचौं तहमा कार्यरत श्री अनिल कुमार गुरुङ हालको पदमा सेवा अवधि पाँच वर्ष पुरा भईसकेको हालको पदमा ( कर्मचारी समायोजन ऐन, २०७५ अनुसार मिति २०७५/११/२१ समायोजन भई यस कार्यालयको मिति २०७६/०१/०३ को निर्णयानुसार सहायक पाँचौंमा पदस्थापना) तथा पछिल्लो ५ (पाँच) वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत ९५ (पन्चान्नव्वे) प्रतिशत पुगेको देखिएकोले निज श्री अनिल कुमार गुरुङलाई गण्डकी प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा ( गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा १ मा तह वृद्धि हुने पद भन्दा एक तहमुनिको पदमा न्यूनतम ५ (पाँच) वर्ष सेवा अवधि पुरा भएको र पछिल्लो ५ (पाँच) वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत ९५ (पन्चान्नव्वे) प्रतिशत अंक प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिने व्यवस्था भए बमोजिम मिति २०८१/०४/०१ गते देखि लागु हुने गरी स्थानीय प्रशासन सेवा सामान्य प्रशासन समूह अधिकृतस्तर छैटौंमा तह वृद्धि गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका बैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ७ : मर्स्याङ्दी कोरिडोर अन्तरपालिका समन्वय समितिको बैठक आयोजना गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी कोरिडोर अन्तरपालिका समन्वय समितिको मिति २०८१/०१/२९ गते बसेको बैठक निर्णयनुसार मिति २०८१/०४/१५ गते विहान ८:०० वजे मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ खानी गाउँ (रक गार्डेन)मा मर्स्याङ्दी कोरिडोर अन्तरपालिका समन्वय समितिको वैठक आयोजना गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

**निर्णय नं. ८ : आ.व. २०८१/०८२ को लागि दररेट स्वीकृत सम्बन्धमा :**

यस मर्स्याङदी गांउँपालिका कार्यालयको लागी आ.व. २०८१/८२ मा सन्चालित हुने योजना तथा कार्यक्रमहरुको दररेट निर्धारण गर्ने सम्बन्धमा बसेको बैठकबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ उपनियम (१) बमोजिम निर्धारण गरिएको जिल्ला दररेटमा निर्माणस्थल सम्म पुग्ने दुरी एकिन गरी सोही जिल्ला दररेटमा ढुवानी थप गर्ने गरी आ.व. २०८१/८२ को लागी यस गाउँपालिका भित्र सन्चालन हुने योजना तथा कार्यक्रमहरुको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ : शोक प्रस्ताव पारित सम्बन्धमा :**

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको सदस्य पारकाशी गुरुङको ममतामयी माता सैमिज्यो गुरुङको मिति २०८१ साउन ३ गते ९० वर्षको उमेरमा निधन हुनुभएकोले मृत आत्मा प्रति भावपूर्ण श्रद्धान्जली एवं सम्पूर्ण परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने यस गाउँपालिकाको गाउँकार्यपालिका वैठकमा सर्वसम्मतिले निर्णय गरियो ।

अर्जुन थपाई
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

## १०. सामुदायिक स्वास्थ्य ईकाई निर्माणको लागी थप बजेट माग गर्ने सम्बन्धमा ।

यस मर्स्याङदी गाउँपालिका वडा नं ४ र ६ मा आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने प्रावधानको कार्यान्वयनका लागी दुवै वडामा क्रमश ताघ्रिङ स्वास्थ्य चौकी र वाहुनडाडाँ स्वास्थ्य चौकी भवन निर्माणका लागी आ.व. २०८०/०८१ मा **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (बजेट शिर्षक नं क्रमश ११.१.२.२३१३ र ११.१.२.२३१३)** अन्तरगत प्रत्येक स्वास्थ्य चौकी भवनको लागी रु ३८,८६,०००.०० (अक्षरुपी: अडतिस लाख छयासी हजार रुपैया मात्र) विनियोजित भएको तर उक्त वडामा स्वास्थ्य सेवा स्तोरउन्नती अत्यावश्यक रहेको र उक्त रकमले भवन पुरा हुन नसक्ने भएकाले मिति:२०८०-११-०३ गते बसेको कार्यपालिकाको निर्णय बमोजिम एक/एक करोड रुपैया बराबरको प्राविधिक स्टिमेटका आधारमा E-Bidding मार्फत ठेक्का लगाईएको र उक्त स्वास्थ्य चौकी निर्माणा हुदै गरेकोमा सुरुमा बिनियोजित रकम उक्त अधिल्लो आ.व.मा सबै खर्च हुन नसकेकोले त्यसरी बाँकी हुन आएको जम्मा रु.३२,४०,९५८.४५ (बत्तिस लाख चालिस हजार नौ सय अन्ठाउन्न रुपैया पैतालिस पैसा) र सम्पूर्ण कार्य सम्पन्न गर्नका लागी अपुग थप रकम समेत गरि कुल रु.१,२९,११,११०.४६ (एक करोड उन्तिस लाख एघारा हजार एक सय दश रुपैया छयालिस पैसा) आवश्यकता रहेकाले तपशिल बमोजिमको रकमको लागी सम्बन्धित माथिल्लो निकायमा माग गर्ने निर्णय गरियो।

**तपशिलः**

| क्र.सं. | योजनाको नाम | सम्झौता रकम अंक | २०८०/८१ भुक्तानी भएको रकम | २०८०/८१ को विनियोजित बजेटबाट बाँकी रकम | २०८१/८२ मा आवश्यक पर्ने थप सहितको कुल रकम |
|---|---|---|---|---|---|
| १ | Construction of Health Post Building at Taghring, Marsyangdi-04, Lamjung) | ८५,५२,६५३.५५ | २२,१८,५३३.३३ | १६,६७,४६६.६७ | ६३,३४,१२०.२२ |
| २ | Construction of Health Post Building at Bahundanda, Marsyangdi-06, Lamjung) | ८८,८९,४९८.४६ | २३,१२,५०८.२२ | १५७३४९१.७८ | ६५,७६,९९०.२४ |
| जम्मा रकम | | | | ३२,४०,९५८.४५ | १,२९,११,११०.४६ |

CamScanner